# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय - विद्युत विकास विभाग

विरुद्ध

वि.वि.वि.०७३।७४ वि.उ.स. ७९३ को विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्र (दुधकुण्ड खोला जलविद्युत आयोजना)

अनुमतिपत्र प्राप्त गर्ने संस्था - माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट प्रा.लि.

**विषय- अनुमतिपत्रको शर्त उल्लंघन।**

यसमा, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट प्रा.लि. ले दुधकुण्ड खोला जलविद्युत आयोजनाको लागि प्राप्त गरेको वि.वि.वि.०७३।७४ वि.उ.स. ७९३ को विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रको शर्त नं. ७ को (ज) मा उल्लेखित शर्त विपरित विद्युत विकास विभागको पुर्व स्वीकृति विना शेयरको संरचना परिवर्तन गरेको सम्बन्धमा विद्युत विकास विभागको च.नं.१४६४ मिति २०७६।१।३१ र च.नं.१६७७ मिति २०७६।३।१० को पत्रबाट माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट प्रा.लि. संग स्पष्टिकरण माग भएकोमा उक्त प्रा.लि. ले मिति २०७६।२।१३ र २०७६।३।१२ को पत्रबाट सर्वेक्षण अनुमतिपत्रको वहाल अवधी भित्र पुरा गर्नु पर्ने सम्पुर्ण कार्य पुरा गरी सके पछि मिति २०७५।१०।३ मा शेयर संरचना परिवर्तनको लागि कम्पनी रजिष्ट्रार्ड कार्यालय त्रिपुरेश्वरमा निवेदन दिई मिति २०७५।१०।२३ मा प्रमाणित शेयर लगत प्राप्त भएको, आयोजनाको निर्माण गर्न सहज हुने भएकोले संस्थापक शेयर धनी अर्जुन प्रसाद पौडेलकी श्रीमती र श्रीमतीको भाईलाई शेयर सदस्यमा थप गरिएको भन्ने एकै व्यहोराको स्पष्टिकरण पेश गरेको रहेछ।

उक्त प्रा.लि.ले स्पष्टिकरण पेश गर्दा कम्पनीको स्वामित्व परिवर्तन गरेको कुरालाई स्वीकार गरेको छ। तर शेयर संरचना परिवर्तन गर्दा विद्युत विकास विभागको पूर्व स्वीकृती लिएको भनी दावी लिन सकेको देखिदैन। शेयर संरचना परिवर्तन गर्दा विद्युत विकास विभागको पूर्व स्वीकृती लिएको फायल संलग्न कागजातबाट पनि देखिदैन। उक्त माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट प्रा.लि. ले विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रको शर्त बमोजिम स्वामित्व संरचना परिवर्तन गर्दा विद्युत विकास विभागको पूर्व स्वीकृती लिनु पर्नेमा पूर्व स्वीकृती नलिइ कम्पनीको शेयर स्वामित्व परिवर्तन गरी विद्युत ऐन,२०४९ को दफा ३८ को उपदफा (२) बमोजिम कसुर गरेको देखिएकोले ऐ. ऐनको दफा ३८ बमोजिम उक्त माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट प्रा.लि. लाई रु. ५,००,०००।- (पाँच लाख रुपैया) जरिवाना गरिदिएको छु। अरु तपशिल बमोजिम गर्नु।

**तपशिल**

१. माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट प्रा.लि..बाट निर्णय बमोजिम जरिवाना असुल गर्न फाइल विद्युत विकास विभागमा पठाउनु।
२. निर्णयको जानकारी सरोकारवालाले कानून बमोजिम माग गरेमा दिनु।

दिनेशकुमार घिमिरे
(सचिव)

इति सम्बत् २०७६ साल श्रावण २७ गते रोज २ शुभम् -----------------------------------------------------------------।